स्थानीय सरकार
पुथा उत्तरगङ्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
puthauttargangamun.gov.np
info@puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com
9857880303, 9857880404

पत्र सङ्ख्या: २०८२।०८३
सूचना नम्बर : ०३

मितिः२०८२।०५।०२ गते
ने.सं.: (११४५ गुँलागा १० सोमबार)

## गाउँ प्रहरी सेवा करारबाट पदपूर्ति गर्ने सम्बन्धी सूचना !

यस पुथा उत्तरगङ्गा गाउँपालिकाको लागि तपसिलका पदहरुमा करार कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित तोकिएका सम्पूर्ण कागजात संलग्न गरी दरखास्त दिनुहुन मिति २०८२।०५।१ गतेको पदपूर्ति समितिको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । आवेदन फाराम तथा पाठ्यक्रम यस गाउँपालिकाको वेबसाइट www.puthauttatgangamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ । साथै यसअघि निम्नलिखित पदहरूमा विज्ञापन भई आवेदन दिएका आवेदकहरूको आवेदन फाराम यथावत राखिएको बेहोरा जानकारी गराइन्छ ।

**तपसिल :**

| क्र.स. | विज्ञापन नम्बर | पद | तह | माग संख्या | कै. |
|---|---|---|---|---|---|
| १ | ४१।२०८२-८३ | गाउँ प्रहरी सहयक निरीक्षक (खुल्ला) | सहायक स्तर चौँथो | १ (एक) | |
| २ | ४२।२०८२-०८३ | गाउँ प्रहरी हवल्दार (महिला) | सहायक स्तर तृतीय | १ (एक) | |
| ३ | ४३।२०८२-०८३ | गाउँ प्रहरी जवान (खुल्ला) | सहायक स्तर द्वितीय | २ (दुई) | |
| ४ | ४४।२०८२-०८३ | गाउँ प्रहरी जवान (महिला) | सहायक स्तर द्वितीय | १ (एक) | |
| ५ | ४५।२०८२-०८३ | गाउँ प्रहरी जवान (जनजाती) | सहायक स्तर द्वितीय | १ (एक) | |
| ६ | ४६।२०८२-०८३ | गाउँ प्रहरी जवान (दलित) | सहायक स्तर द्वितीय | १ (एक) | |

### १. गाउँ प्रहरी हवल्दार र जवान पदका लागि आवश्यक न्यूनतम योग्यताहरु:

क) नेपाली नागरिक,

ख) छनोट परीक्षा शुरु हुने दिन सम्ममा सहायक स्तर द्वितीय जवान पदका लागि १८ वर्ष उमेर पुरा भई २५ वर्ष ननाघेको, तृतीय स्तर हवल्दार पदका लागि १८ वर्ष पुरा भई २७ वर्ष ननाघेको र वहालवाला तथा सेवा परिवर्तन गरी आउने सुरक्षाकर्मी वा जनमुक्ति सेनाको हकमा ४० वर्ष ननाघेको,

ग) नैतिक पतन देखि फौजदारी अभियोगमा सजाय नपाएको,

घ) कुनै पनि राजनीतिक दलको सदस्य नरहेको,

ङ) कुनै पनि विध्वसात्मक क्रियाकलापमा संलग्न नभएको,

### २. गाउँ प्रहरी सहायक निरीक्षकको लागि आवश्यक योग्यता:

क) छनोट परीक्षा शुरु हुने दिनसम्ममा १८ वर्ष पुरा भई २९ वर्ष ननाघेको र वहालवाला सुरक्षा कर्मी तथा पूर्व जनमुक्ति सेनाको हकमा ४० वर्ष ननाघेको,

ख) नैतिक पतन देखि फौजदारी अभियोगमा सजाय नपाएको,

ग) कुनै पनि राजनीतिक दलको सदस्य नरहेको,

घ) कुनै पनि विध्वसात्मक क्रियाकलापमा संलग्न नभएको,

**३. आवश्यक न्यूनतम शैक्षिक योग्यता:**

क) गाउँ प्रहरी सहायक निरीक्षक पदको लागि प्रविणता प्रमाणपत्र तह/कक्षा १२ वा सो सरह उत्तीर्ण,

ख) गाउँ प्रहरी हवाल्दार (तृतीय) पदको लागि कक्षा १० S.L.C./S.E.E वा सो सरह उत्तीर्ण,

ग) गाउँ प्रहरी जवान (द्वितीय) पदका लागि कक्षा ८ उत्तीर्ण,

**४. पदपूर्ति समितिले निर्धारण गरे बमोजिम तपसिल शारीरिक तन्दुरुस्त भएको हुनुपर्नेछ:**

| क्र.स. | विवरण | पुरुष (न्यूनतम) | महिला (न्यूनतम) |
|---|---|---|---|
| १ | उचाई | ५ फिट २ ईन्च | ५ फिट २ ईन्च |
| २ | छाती | नफुलाउँदा घटीमा २० ईन्च र फुलाउँदा घटीमा ३२ ईन्च | - |
| ३ | वजन | ५० के.जी. | ४२ के.जी. |
| ४ | आँखा परीक्षण | +२ देखि -२ भन्दा कमजोर नभएको साथै आखा जाँच रिपोर्ट | +२ देखि -२ भन्दा कमजोर नभएको साथै आखा जाँच रिपोर्ट |
| ५ | दौड | २०० मिटर र ३००० मिटर | २०० मिटर र ३००० मिटर |

**५. दरखास्त दस्तुर :** प्रहरी जवान पदका लागि रु ३००।, प्रहरी हवल्दार पदका लागि रु. ४००। र प्रहरी सहायक निरीक्षक पदका लागि रु.५००। र समावेशी समुहका लागि थप रु.१५०। लाग्नेछ । (उल्लेखित पदमा राजश्व भुक्तानी गर्दा यस गाउँपालिकामा उपस्थित भई वा सिद्दार्थ बैंकमा रहेको PUTHA UTTARGANGA GAUNPALIKA GA 1.1 ANTARIK RAJASHWA KHATA को खाता नं. ०१४१५४४५४२० मा जम्मा गर्न सकिनेछ।)

**६. दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरु:-**

क) प्रमुख प्रशासकीय अधिकृतलाई सम्बोधन गरेको व्यक्तिगत निवेदन,

ख) नेपाली नागरिकताको प्रमाणपत्र फोटोकपी,

ग) सम्पूर्ण शैक्षिक प्रमाणपत्रको फोटोकपी वैदेशिक संस्थाहरुमा अध्ययन गरेका उम्मेदवारको हदमा मान्यता प्राप्त निकायबाट समकक्षता प्रमाणित प्रमाणपत्र,

घ) दरखास्त दस्तुर बुझाएको रसिद,

ङ) सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको प्रमाणित चारित्रिक प्रमाणपत्रको सक्कल प्रति,

च) मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिइएको निरोगिताको प्रमाणपत्रको सक्कल प्रति,

छ) अनुभव प्रमाणपत्रको प्रतिलिपी, (वहालवाल कर्मचारी वा पूर्व सुरक्षाकर्मी वा पूर्व जनमुक्ति सेना खुल्ने प्रमाणित प्रमाणपत्र),

ज) पासपोर्ट साइजको फोटा - २ प्रति।

ध्रुव वि.क.
पदपूर्ति समिति संयोजक